

हाम्रा विधायक

# ताप्लेजुङको पर्यटन विकास

**सङ्क्षिप्त चिनारी**

**नाम : मिङ्मा ग्याबु शेर्पा**
**जन्मस्थान : फक्ताङलुङ गाउँपालिका–६, लेलेप, सेकाथुम**
**उमेर : ३६ बर्ष**
**शिक्षा : एसएलसी**
**राजनीतिक दल : राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)**
**पद : समानुपातिक सांसद**

**साहारा लिम्बू**
*फुङलिङ, वैशाख ६ गते*

पर्यटकको भरिया बनेर हिमालको यात्रा गर्ने गरेका मिङ्मा ग्याबु शेर्पाले अब संसदीय यात्रा तय गर्नुभएको छ। ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–६, लेलेपको सेकाथुममा जन्मनुभएका शेर्पाको बाल्यकाल त्यहीँ बित्यो।

सरस्वती च्यारीबुक माध्यमिक विद्यालयमा पढ्दापढ्दै २०६२ सालमा शेर्पाले काठमाडौँको यात्रा तय गर्नुभएको थियो। काठमाडौँमा बस्दा उहाँले विदेशी पर्यटकको भारी बोक्ने काम पाउनुभयो। स्कुलभन्दा पनि उहाँका लागि भरियाको काम महत्त्वपूर्ण थियो। किनकि उहाँलाई त्यसबेला आर्थिक अभाव टार्नु थियो।

भरियाको कामलाई निरन्तरता दिने क्रममा सन् २०१० मा उहाँले पहिलो पटक सगरमाथाको आरोहण गर्नुभयो। त्यतिबेला उहाँ विदेशी नागरिकलाई हिमाल चढाउन सगरमाथा जानुभएको थियो। पहिलो प्रयासमै सफल हुनुभयो।

उहाँले अहिलेसम्म आठ हजार मिटरमाथिका हिमाल ३५ पटक आरोहण गरिसक्नुभएको छ। यस अवधिमा उहाँले पाँच वटा कीर्तिमान बनाएर गिनिज बुकमा नाम लेखाउनुभएको छ। उहाँले सर्वोच्च शिखर सगरमाथा र मनास्लु हिमाल नौ/नौ पटक आरोहण गर्नुभएको छ। उहाँले संसारकै सबैभन्दा गाह्रो हिमालका रूपमा परिचित पाकिस्तानमा रहेको विश्वको दोस्रो अग्लो हिमाल छ पटक आरोहण गरिसक्नुभएको छ। नेपाल पर्वतारोहण सङ्घका प्रथम उपाध्यक्षसमेत रहनुभएका उहाँको १७ वर्षदेखि पर्वतारोहणको क्षेत्रमा काम गरेको अनुभव छ। भरिया, गाइड, एसिस्टेन्ट गाइड, व्यवसायी हुँदै अहिले शेर्पा सांसद बन्नुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिक सांसद बन्नुभएका शेर्पा हिमाली क्षेत्रमा रहेका समस्या र तिनको दिगो समाधानकै लागि राजनीतिमा आएको बताउनुहुन्छ। आफू जस्ता आरोहीलाई प्रोत्साहित गर्न नीतिगत रूपमा पहल गर्ने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "अबको मेरो पहल पर्यटन क्षेत्रको परिवर्तनमा नै हुन्छ। विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा हाम्रै ताप्लेजुङमा छ। प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिर, विशेष गरी लिम्बू समुदायको आस्थाको धरोहर रहेको कुम्भकर्ण हिमाल (फक्ताङलुङ), साम्दोपोखरी, सिङ्जेमाताल, सोदुपोखरी साथै छुट्टै बस्तीका रूपमा स्थापित भएको ओलाङचुङगोला, तोक्पेगोला, याङमा, घुन्साको प्रचारप्रसारसँगै अधिक मात्रामा पर्यटक भित्र्याउनेमा नीतिगत पहल गर्ने छु।"

योसँगै ताप्लेजुङदेखि हुम्लासम्म फैलिएको ग्रेट हिमालयन ट्रेल (जिएचटी) मा लगानी प्रवर्धनका लागि आवश्यक पहल गर्ने बताउनुभयो। ताप्लेजुङ राजधानीबाट दुरीले धेरै टाढा भए पनि दुई देश चीन र भारतको सिमाना जोडिएको जिल्ला भएका कारण यहाँको पर्यटनसँगै व्यापारिक सम्भावना धेरै भएकाले यसमा पनि विशेष पहल गर्ने उहाँको भनाइ छ। यसका लागि तमोर कोरिडोर पनि प्राथमिकतामा पर्ने बताउनुभयो। तमोर कोरिडोर अन्तर्गत चतरा–ओलाङचुङगोला हुँदै चीनसँगको नाका टिपतालासम्मको कालोपत्रेमा पहल गर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "दक्ष जनशक्ति उत्पादनमा राज्यले लगानी गर्न सकेको छैन। अब मेरो आवाज नीति निर्माणको क्षेत्रमा पुगेको छ। सकेसम्म पूरा गर्ने आठोटमा छु। मैले हिमालमा समस्यैसमस्या देखेको छु। यत्तिका हिमाल हुँदा पनि हामीले उद्धारलाई व्यवस्थित गर्न सकिरहेका छैनौँ। यसमा नीतिगत समस्या रहेको छ।"

आफू राजनीति मात्रै भन्दा कर्ममा विश्वास गर्ने भएकाले काम पनि सँगसँगै बढाउने उहाँले बताउनुभयो। गाउँमा मत माग्ने क्रममा धेरै गुनासा र समस्या सुने देखेकाले ती मुद्दा पनि सँगै रहेको उहाँले बताउनुभयो।

अहिले गाउँघर धेरै खाली भएका छन्। मानिस सहरकेन्द्रित भएका छन्। यसले हाम्रा सांस्कृतिक र धर्म हराउँदै गएको छ अब आफ्नो धर्म, संस्कृति संरक्षणसँगै प्रचारका लागि पर्यटन प्रवर्धन गर्न आवश्यक भएकाले यसमा नै जोड दिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "अबको मेरो यात्रा ताप्लेजुङको पर्यटन क्षेत्रमा परिवर्तनका लागि हुने छ।"

# फेमेखोलामा बेलिब्रिज सञ्चालन

**फिदिम समाचारदाता**
*फिदिम, वैशाख ६ गते*

पाँचथरको फिदिम नगरपालिका–१ र ११ लाई जोड्ने फेमेखोलामा बेलिब्रिज सञ्चालनमा आएको छ। पाँचथर सदरमुकाम फिदिमदेखि भारतको पश्चिम बङ्गालसम्म सडक सञ्जाल जोड्ने फिदिम–फालोट सडकखण्डको फेमेखोलाको पक्की पुल २०८१ साल असोज १२ गते बाढीले बगाएपछि १९ महिना लगाएर निर्माण गरिएको हो।

आइतबारदेखि बेलिब्रिज सञ्चालनमा आएको पूर्वाधार विकास कार्यालय पाँचथरका सूचना अधिकारी मुकेशराज साहले जानकारी दिनुभयो। फिदिम नगरपालिका–१ र ११ लाई जोड्ने उक्त बेलिब्रिज कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत पूर्वाधार विकास कार्यालय, पाँचथरको अगुवाइमा निर्माण गरिएको हो। पुल निर्माणमा एक करोड ३९ लाख ८२ हजार ५६२ रुपियाँ लगानी भएको कार्यालयले जनाएको छ। पुल एस एस सुनगाभा नामक निर्माण कम्पनीले ठेक्का सम्झौता गरी निर्माण गरेको हो।

५० मिटर लामो उक्त बेलिब्रिज काबेलीखोलाबाट ल्याएर 'पुस एन्ड पुल' प्रविधिबाट जडान गरिएको हो। बेलिब्रिज जडानका लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, फिदिम नगरपालिका, फालेलुङ गाउँपालिका, यातायात व्यवसायी तथा निर्माण कम्पनीले निरन्तर समन्वय र सहजीकरण गरेका थिए।

---

**मधेश प्रदेश सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**जनकपुरधाम, धनुषा, नेपाल**

## ठेक्का रद्द गरिएको सूचना ।

प्रकाशन मिति : २०८३/०१/०७

यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामको मिति २०८२/०९/३० गतेमा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP system मार्फत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ठेक्का नं. MP/PHLMC/NCB/GOODS-2/2082-083.; The Procurement and Supply of Medicine for Basic and Emergency Service. को बोलपत्रको सूचना प्रकाशन भएकोमा यस कार्यालयको मिति २०८३/०१/०४ गतेको निर्णयानुसार Bidding Document को Section 1. Introduction to Bidders अन्तर्गतको सि.नं. ३९.१ को प्रावधान बमोजिम उक्त ठेक्का रद्द गरिएको सूचना सबै सरोकारवालालाई जानकारीका लागि प्रकाशित गरिएको छ।

---

## श्री माध्यमिक विद्यालय पचहिया

गढवा गा.पा. २ पचहिया देउखुरी, दाङ लुम्बिनी प्रदेश
स्था. २०१७

**विषय :– आवश्यकता ।**

उपर्युक्त सम्बन्धमा गढवा गाउँपालिकाको शिक्षा शाखाको च.नं. १३२ र मिति २०८३/०१/०४ गतेको प्राप्त अनुमति पत्र तथा यस विद्यालयको वि.व्य.स. को मिति २०८३/०१/०४ गतेको निर्णय अनुसार यस श्री माध्यमिक विद्यालय पचहियामा रिक्त आधारभूत तह, विज्ञान विषयको स्वयंसेवक शिक्षक पदमा खुला विज्ञापनद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट १५ दिने दरखास्त आह्वान गरिन्छ।

**तपसिल :–**

१. **विज्ञापन नं.:– ०१/२०८२/०८३**
२. **पद:– शिक्षक**
३. **माग सङ्ख्या :– १**
४. **तलब/स्केल :– गढवा गाउँपालिकाले तोके बमोजिम**
५. **योग्यता :– सम्बन्धित विषयमा +२ वा सो सरह उत्तीर्ण (माथिल्लो योग्यतालाई विशेष ग्राह्यता)**
६. **उमेर :– १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको**
७. **परीक्षाको प्रकार :– लिखित, अन्तर्वार्ता र प्रयोगात्मक (आवश्यक परेमा)**
८. **दरखास्त दस्तुर :– रु. १,५००/–**
९. **दरखास्त दिने अन्तिम मिति :– २०८३/०१/१९ गतेसम्म (कार्यालय समयभित्र)**
१०. **संलग्न गर्नुपर्ने कागजातहरू :–**
   - शैक्षिक योग्यताका प्रमाण पत्रहरूको प्रतिलिपि
   - स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
   - नागरिकताको प्रतिलिपि,
   - हस्तलिखित निवेदन

**प्रधानाध्यापक**
श्री माध्यमिक विद्यालय पचहिया

---

**स्थानीय सरकार**
**बागमती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**झुरझुरे, मकवानपुर, बागमती प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८३/०१/०७ (20th April 2026)**

बागमती गाउँ कार्यपालिका कार्यालयको प्रथम पटक मिति २०८२/१२/०२ गते हिमालय राष्ट्रिय दैनिक पत्रिका एवं PPMO को E-Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भए अनुसार सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७(१) को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना | प्रस्तावित रकम (VAT & PS सहित) | कै. |
|---|---|---|---|---|---|
| १. | BRM/ NCB/ WORKS/ 010/ 2082/ 083 | Construction of Retaining wall, Fencing work and other Maintenance Work at Bagmati Football Academy | S.L.S. Construction Pvt. Ltd., Bagmati-07, Makwanpur | रु. २३,८९,४०२।८१ | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## विश्वविद्यालय अनुदान आयोग

**सानोठिमी, भक्तपुर**

**सूचना**

उच्चशिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विश्वविद्यालय तथा उच्च शैक्षिक संस्था अन्तर्गत शिक्षण पेशामा आबद्ध भएका (स्थायी दरबन्दीमा नियुक्ति भएका बाहेक) र प्रवेश गर्न चाहने जनशक्तिको योग्यता परीक्षण गर्न यस आयोगबाट तयार गरिएको राष्ट्रिय योग्यता परीक्षण सञ्चालन नियमावली, २०८२ मिति २०८२।०६।३१ गते नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भई लागू हुने प्रक्रियामा रहेको बेहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। नियमावलीको नियम १७ मा रहेको कार्यरत शिक्षकसम्बन्धी व्यवस्था, नियम १८ मा रहेको परीक्षणलाई नियुक्तिको आधार बनाउने र नियम २० मा रहेको विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको कर्तव्यको प्रभावकारी कार्यान्वयनका लागि सबै विश्वविद्यालयहरूमा आयोगबाट मिति २०८२।१२।१६ गते पत्राचार गरी सम्बन्धित विश्वविद्यालयको ऐन, नियम तथा विनियममा परिमार्जन गर्न पर्ने भएमा सोही अनुसार आवश्यक परिमार्जन गर्न अनुरोध गरिसकिएको छ।

यदि कुनै कारणवश उक्त पत्राचार प्राप्त हुन नसकेको भए यसै सूचनालाई आधार मानी राष्ट्रिय योग्यता परीक्षण सञ्चालन नियमावली, २०८२ कार्यान्वयन गर्न/गराउन सम्बन्धित सबै विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूलाई अनुरोध गरिन्छ। उक्त नियमावली आयोगको वेभसाइट www.ugcnepal.edu.np बाट डाउनलोड गर्न सकिने छ।

**थप जानकारीका लागि:**
राष्ट्रिय योग्यता परीक्षण शाखा
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३८५४८/४९/५०

---

## Nepal Electricity Authority
**Invitation for Electronic Bids**
(Date of publication 20 April, 2026 (07/01/2083)

| Name of Office | Tender No./ Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| Dhalkebar Grid Division, Dhanusha (Tel.No.041-560229) | DGD-2082 /083-18 | Supply,Delivery and Installation of Air Conditioner at Different Substations at DGD |
| Nepalgunj Distribution Centre, Banke (Tel.No. 081-533143) | NPJDC-2082/83 -Linematerial-SQ-02(RE) | Procurement of Goods |
| Amarpur Dhungesaghu 132 kV Transmission Line Project,Taplejung | NEA/AD132KV /SQ/2082-83/01(Re) | Procurement of Two (2) Units of Electric Scooter |
| Gauradaha Distribution Centre, Jhapa (Cont.No. 9852685500) | NEA/GDC/2082 /083/02SQ | Supply of Printing and Stationery items |
| Palung Distribution Centre, Makawanpur ( Tel.No:-057-400044 ) | NEA/PDC/2082 /083/Civil-SQ01 | Miscellaneous Civil Works(Truss Repair for Store and New Public Toilet) at Palung Distribution Centre Palung, Makawanpur. |
| Gaushala Distribution Centre, Mahottari (Tel. No:-044-556167) | NEA/GDC-2082/083-NCB-02 | Construction of HT/LT line and Transformer installation work at different places of Gaushala municipality wada no. 1 to 12 |

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details.

---

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
प्राप्ति शाखा, गौचर, काठमाडौं।

## पून: बोलपत्र (e-bid) आव्हानको सूचना !

**प्रकाशित मिति २०८३।०१।०७ (20th April, 2026)**

यस कार्यालयको लागि आवश्यक Supply and Delivery या General Electrical Spare Parts at TIACAO (Re-invitation), NCB/23/PROSEC/2082/83 खरिद सम्बन्धमा e-bid को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत विवरण तथा बोलपत्र सम्बन्धि सम्पूर्ण काम/कारवाहीको लागि PPMO को website www.bolpatra.gov.np/egp मा Login गर्नुहुन अनुरोध छ।

---

**Gaurishankar Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Suri-05, Dolakha.**

## Invitation for Bids (e-Procurement)

**Notice Publication date :- 2083-01-07**

Gaurishankar Rural Municipality invites electronic bids from eligible bidders for the procurement of goods mentioned below. Interested & eligible bidders shall participate in this bidding process through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before 12:00 on 2083-02-06. For additional information please inspect bid document uploaded by Office on PPMO website.

| IFB No/ Notice No.:- | Description of work | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|
| 01/GRM/NCB/Goods/ M.T/2082-83 | Supply & Delivery of Agricultural Equipment. | 80,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

---

**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर, बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

**प्रकाशित मिति: 2083/01/07**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्रको सूचना बमोजिम यस कार्यालयमा e-bidding मार्फत समय सीमा भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरि न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिलको बोलपत्र छनौट भएको हुदा यस कार्यालयको निर्णयानुसार सार्वजनिक खरिद ऐन 2063 को दफा 27 को उपदफा 2 को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल:**

| सि. न. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.क.र पि.एस.समेत) |
|---|---|---|---|---|
| 1. | HSMC/ GOODS /04/ 082/83 | Procurement, Supply and Delivery of 4WD Double Cab Pick-up | M/S Agni Incorporated Pvt.Ltd., Ward no-03, Kathmandu | NRs. 51,99,000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## Nepal Electricity Authority
**Notice Regarding Intent to Accept the Bid**
**Notice Publication Date : 2083/01/07**

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (With VAT) |
|---|---|---|---|
| Baneshwor Distribution Centre (Tel. No. 01-4574097) | NEA-BDC-2082/83-02SQ(RE) | M/s Gauri Trade Service Pvt. Ltd. Charikot, Dolakha | NRs. 18,49,403.20 |
| Rukum Paschim Distribution Centre (Tel. No. 088-530365) | NEA/RWDC-2082/083-SQ-01 | M/s Udaya Builders Nirwan Sewa Musikot-5, Rukum Paschim | NRs. 7,45,272.29 |

---

## Invitation for Electronic Bids (E-Bidding)

**Government of Bagmati Province**
**Ministry of Internal affairs and Law**
**Hetauda, Nepal**
**(Date of publication: 2083-01-07 (2026-04-20)**

The Ministry of Internal affairs and Law, Bagamati Province, Hetauda, Nepal invites electronic bids from eligible bidders under National Competitive Bidding procedures for listed item.

| IFB No. | Particulars | Bid Security | Bid Fees |
|---|---|---|---|
| MOIAL/NCB/ GOODS/2082/083-08 | Rescue Raft | NRs.87,500 | NRs.3,000 |
| MOIAL/NCB/ GOODS/2082/083-09 | Search and Rescue Drone | NRs.85,000 | NRs.3,000 |
| MOIAL/NCB/ GOODS/2082/083-10 | Scuba Complete Set | NRs.140,000 | NRs.3,000 |
| MOIAL/NCB/ GOODS/2082/083-11 | Water Rescue Equipment | NRs.84,500 | NRs.3,000 |
| MOIAL/NCB/ GOODS/2082/083-12 | Fire Fighting Rescue Equipment | NRs.104,500 | NRs.3,000 |
| MOIAL/NCB/ GOODS/2082 /083-04RE | SUPPLY AND DELIVERY OF LAPTOP AND ALL IN ONE COMPUTER | NRs.115,000 | NRs.3,000 |

For more information visit moial.gov.np or PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

---

**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**ग्रामिण सडक सञ्जाल सुधार आयोजना (RCIP-AF)**
**आयोजना कार्यान्वयन इकाई (PIU)**
**पोखरा, कास्की**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८३/०१/०७**

उपरोक्त सम्बन्धमा ग्रामिण सडक सञ्जाल सुधार आयोजना (RCIP-AF), आयोजना कार्यान्वयन इकाई (PIU), कास्कीद्वारा मिति: २०८२/०५/०२ मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार निर्धारित समय भित्र PPMO को E-Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा सफल भएको हुँदा सफल तपशिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति: २०८3/०१/१४ गते दिनको १२:३० बजे कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु |
|---|---|---|
| RCIP-AF/ Gandaki/ Works/ OCB-16/ 2082/83 | Upgradation, Construction and Performance based maintenance works of Alok ring road (Ch:11+800-20+400) in Nawalparasi District of Gandaki Province | Santoshi nirman sewa, Chhatrapur-2, Bharatpur. |
| | | Rayamajhi Construction Pvt. Ltd., Samakhusi, Kathmandu. |
| | | Dhukuchhu Construction Co Pvt Ltd, Buddhanagar-10. |
| | | Yeti-NB-Babul JV, Butwal . |
| | | Nepal Adarsha Nirman Company Pvt. Ltd., P.O.Box 5759, Kuleshwor, Kathmandu. |
| | | Dev and Sayar - Bamti - Bidari J/V, Swoyambhu-15. |
| | | Pashupati-C.M.- Kalinchok JV |
| | | BKOI- PASHUPATI- ROJAN J/V, Dipendranagar-10, Bharatpur. |
| | | P.S.-Prakritik Joint Venture, Ghattekulo-32, Kathmandu. |
| | | Lama- Khom Joint Venture, Pokhara-10, Kaski, Nepal. |
| | | Himdung & Thokar Construction (P.) Ltd |
| | | Yakthumhang/S.A.S/Sindhuli Joint Venture, Biratnagar-16, Morang Birtamod, Jhapa. |
| | | Khadka Krishna - BS Dhaulagiri JV, Banke. |
| | | Swachchhanda - Dawa JV, Jorpati. |